आज मिति २०८१ साल भाद्र ०५ गते बुधवारका दिन भिमाद नगरपालिका, तनहुँको आर्थिक वर्ष २०८१/०८२ को नगर कार्यपालिकाको तेस्रो वैठक नगर प्रमुख श्री दधिराज सुवेदीज्यूको अध्यक्षतामा तपसिल अनुसारको उपस्थितिमा वसि देहाय वमोजिम निर्णय गरियो ।

उपस्थिति

| | | | |
|---|---|---|---|
| | श्री दधिराज सुवेदी | अध्यक्ष | प्रमुख |
| | श्री शारदा खनाल | सदस्य | उप-प्रमुख |
| | श्री दिपक आले | सदस्य | वडा अध्यक्ष १ |
| | श्री दिनेश कुमार थापा | सदस्य | वडा अध्यक्ष २ |
| | श्री पदमराज सेन ठकुरी | सदस्य | वडा अध्यक्ष ३ |
| | श्री रामकृष्ण राना | सदस्य | वडा अध्यक्ष ४ |
| | श्री पदम बहादुर थापा | सदस्य | वडा अध्यक्ष ५ |
| | श्री श्याम सुन्दर जोशी | सदस्य | वडा अध्यक्ष ६ |
| | श्री प्रकाश श्रेष्ठ | सदस्य | वडा अध्यक्ष ७ |
| | श्री अण बहादुर शाही | सदस्य | वडा अध्यक्ष ८ |
| | श्री रन बहादुर थापा | सदस्य | वडा अध्यक्ष ९ |
| | श्री स्यानी माया थापा | सदस्य | कार्यपालिका सदस्य |
| | श्री उमा कुमाल | सदस्य | कार्यपालिका सदस्य |
| | श्री इन्दिरा खडका थापा | सदस्य | कार्यपालिका सदस्य |
| | श्री दमन्ती कुमारी शाही | सदस्य | कार्यपालिका सदस्य |
| | श्री ओम कुमारी थापा | सदस्य | कार्यपालिका सदस्य |
| | श्री विर बहादुर वस्याल | सदस्य | कार्यपालिका सदस्य |
| | श्री सन्दिप नगर्ची | सदस्य | कार्यपालिका सदस्य |
| | श्री संगिता विक | सदस्य | कार्यपालिका सदस्य |
| | श्री मोहन प्रसाद मरासिनी | सदस्य सचिव | प्रमुख प्रशासकीय अधिकृत |
| आमन्त्रित उपस्थिति | | | |
| | श्री सन्दिप पौडेल | | उप-सचिव |
| | अर्जुन प्रसाद पौडेल | | लेखा अधिकृत |
| | | | |

आर्थिक वर्ष २०८१/०८२ को तेस्रो नगर कार्यपालिका बैठकको एजेन्डा तथा निर्णयहरु (२०८१/०५/०५)

<u>एजेण्डा</u>

१.विविध

निर्णय नं. १

भिमाद नगरपालिका वडा नं.६ निवासी मननारायण श्रेष्ठले "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र उपलब्ध गराई पाउँ मिति २०८१।०४।१४ गते जयरत्न कन्स्ट्रक्सन एण्ड सप्यायर्स प्रा.लि.को नाउँमा निवेदन दिएकोमा उक्त प्रा.लि. कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनीको रुपमा सूचिकृत भएको,पर्यटन तथा उद्योग कार्यालयमा निर्माण कार्यको ठेक्का सम्बन्धी इजाजत समेत प्राप्त गरेको ,नगरपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि ,२०७५ बमोजिमको जाँचबुझ समितिले समेत इजाजतपत्र उपलब्ध गराउँन सिफारिस गरेको देखिदा जयरत्न कन्स्ट्रक्सन एण्ड सप्यायर्स प्रा.लि.लाई " घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र उपलब्ध गराउन निर्णय गरियो।

निर्णय नं.२

भिमाद नगरपालिकामा आवश्यक विभिन्न पदका कर्मचारीहरु करारमा नियुक्ति गर्नका लागि देहाय वमोजिम परिक्षा समिति गठन गर्नुको साथै सो समितिमा आवश्यकता अनुसार सम्बन्धित शाखाको प्रमुख र विज्ञलाई आमन्त्रित सदस्यको रुपमा उपस्थित गराउन सक्ने निर्णय गरियो ।

तपसिल

| | |
|---|---|
| प्रमुख प्रशासकीय अधिकृत- | संयोजक |
| शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख - | सदस्य |
| प्रशासन शाखा प्रमुख- | सदस्य सचिव |

निर्णय नं.३

चालु आर्थिक वर्ष २०८१/०८२ वाट नेपाल सरकार र नगरपालिकाको वित्तीय साझेदारीमा कार्यान्वयन हुने सुरक्षित आप्रावासन ( सामी) कार्यक्रम अन्तर्गत सहायक पाचौ सरहको वित्तीय साक्षरता सहजकर्ता तर्फ एक जना र रिटर्नी स्वयंसेवक (आंशिक) तर्फ दुई जनाको पद रिक्त रहेको, उक्त रिक्त कर्मचारीहरु सेवा करार गरी कार्यक्रम सञ्चालन गर्नको लागि खुला बिज्ञापन गर्न भनि प्रस्ताव पेस भई आएको देखिँदा सेवा करार पश्चात रिटर्नी स्वयंसेवक (आंशिक) नगरपालिकाको वडा नं.२ र ३ मा खटनपटन गर्ने गरी उक्त रिक्त कर्मचारीहरुलाई सेवा करारको लागि प्रचलित कानून बमोजिम विज्ञापन प्रकाशन लगायतका प्रक्रिया पुरा गर्न परिक्षा समितिलाई जिम्मा दिने निर्णय गरियो ।

निर्णय नं.४

भिमाद नगरपालिका वडा नं.१ डुम्रीवेशीमा अवस्थित चार वटा टोलमा करिव ३५० घरधुरी रहेको साथै घिरिङ गाउँपालिका, चापाकोट नगरपालिका र हरिनास गाउँपालिकाको समेत संगम स्थल रहेको र सो स्थान भौगोलिक दृष्टिकोणले किहुँ स्वास्थ्य चौकी देखि टाढा रहेका कारण जेष्ठ नागरिक, अपाङ्ग र अशक्त व्यक्तिहरुलाई स्वास्थ्य सेवा लिन कठिनाई भएकाले उक्त स्थानमा सामुदायिक स्वास्थ्य इकाई स्थापनाका लागि अति आवश्यक रहेकाले स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथमा लेखि पठाउने निर्णय गरियो ।

निर्णय नं.५

भिमाद नगरपालिका क्षेत्र भित्र २०८१/०३/२१ देखि परेको अविरल वर्षाका कारण आएको वाढीले माझकोट मोटर मार्गमा अवस्थित करङ्गबाँध कल्भर्ट वगाएको र सिहाले खोलाको कल्भर्ट पूर्ण रुपमा क्षति भएकोले सो मार्गमा निरन्तर यातायात संचालनको लागि कृषि मोटर मार्ग सरसफाई गर्ने वा उक्त पुल मर्मत गरी यातायाता संचालन गर्ने भन्ने वारेमा वडा नं.४ को च.नं.७१ मिति २०८१/०५/०५ को पत्र बाट लेखि आएको हुँदा प्राविधिक अध्ययन वाट जुन वाटो छिटो छरिटो र कम लागतमा निर्माण गर्न सकिन्छ सोको लागत अनुमान तयार गरी यातायात सुचारु गर्ने निर्णय गरियो ।

निर्णय नं.६

भिमाद नगरपालिकामा देहाय अनुसार कार्यक्रमहरु संचालनको लागि विभिन्न निवेदनहरु प्राप्त भएकोले भिमाद नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को स्वीकृत नगर विकास योजनाको देहायको शीर्षकवाट देहाय अनुसार रकम विनियोजन तथा भूक्तानी गर्ने ।

देहाय

| क्र.सं. | नाम | ठेगाना | रकम माग गर्नुपर्ने कारण | प्राविधिक लागत अनुमान/प्रस्तावता भए/नभएको | विनियोजित/भूक्तानी रकम | शिर्षक नं. र नाम |
|---|---|---|---|---|---|---|
| १. | खौदी पाँचमुरे धारादी खानेपानी मर्मत | भिमाद-२ | वर्षाका कारण क्षती भएको | भएको | ३६९००।- | सि.नं.१४६ अन्य खानेपानी योजनाहरु (पाइप खरिद) तथा वितरण |
| २ | नेपाल आदिवासी जनजाती महासंघ | भिमाद-६ | ३० औ विश्व आदिवासी दिवस मनाउन | भएको | ५००००।- | सि.नं.६३ आदिवासी जनजाती सम्बन्धी कार्यक्रम |
| ३ | भिमाद एफ.एम | भिमाद-६ | खुल्ला तिज गित प्रतियोगिता | भएको | २००००।- | सि.नं.५७ भाषा कला साहित्य र संस्कृती संरक्षण तथा संवर्द्धन कार्यक्रम |
| ४. | भिष्म नेवार समाज | भिमाद-६ | लाखे नाच व्यवस्थापन | भएको | ३००००।- | |
| ५ | कमला गहतराज | भिमाद-२ | आर्थिक सहायता | | ३००००।- | सि.नं.७८ विपद व्यवस्थापन कोष |
| ६ | चित्र बहादुर राना | भिमाद-६ | पहिरो रोकथाम | भएको | ११७२१।- | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७ | भलिबल कोर्ट निर्माण | भिमाद-६ | भलिबल खेल मैदान निर्माण | भएको | २१४५०।- | सि.नं.१५१ नगरकार्यपालिकाको निर्णय अनुसार सडक सिंचाई तथा अन्य भौतिक पूर्वाधार निर्माण मर्मत सुधार |

निर्णय नं.७

भिमाद नगरपालिकाको नगर प्रमुख र उपप्रमुखको कार्य कक्षमा सेवाग्राहीहरुका चापका कारण बसाई व्यवस्थापन तथा सहजीकरणका लागि प्रवेशद्धार नजिकै प्रतिक्षालय निर्माण गर्नका लागि प्राविधिक लागत अनुमान वमोजिमको रकम रु.२४३६२८।- सि.नं.१५६ को पुँजिगत सुधार खर्च सार्वजनिक निर्माण शिर्षकवाट विनियोजन गर्ने र सो प्रतिक्षालयवाट सेवाग्राही सहायता कक्ष समेत स्थापना गर्ने निर्णय गरियो ।

निर्णय नं.८

कृषक, कृषक समूह, कृषि फर्म र कृषि सहकारीहरुले उत्पादन गरेका कृषि उपजहरुको बजार सुनिश्चित गर्नुपर्ने आवश्यकतालाई मध्यनजर गरी भिमाद नगरपालिका कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७५ को दफा ३६ ले दिएको अधिकार प्रयोग गरी तयार पारिएको भिमाद नगरपालिका कृषि बजार (संचालन तथा व्यवस्थापन) कार्यविधि २०८१ छलफलका लागि वैठकमा पेश भयो ।

निर्णय नं.९

मिति २०८१/०३/२० गते देखि २२ गतेसम्म परेको अविरल वर्षाका कारण नगरपालिका भित्रका तपशिल बमोजिमका मुख्य सडकहरुमा खसेको पहिरो हटाई सडक सुचारु गर्न मिति २०८१/०३/२३ गतेको विपद व्यवस्थापन समितिको निर्णय तथा नगरकार्यपालिकाको मिति २०८१/०३/२६ गतेको वैठकको निर्णय बमोजिम यस कार्यालयका प्राविधिकहरुबाट तयार गरिएको लागत अनुमान/मूल्याङ्कन अनुसार तपशिल बमोजिमको रकम विपद व्यवस्थापन कोष शिर्षकबाट भुक्तानी गर्ने र सोको खर्च आगामी विपद व्यवस्थापन समितिको वैठकबाट अनुमोदन गर्ने निर्णय गरियो ।

तपशिल:

| सि.नं. | वडा नं. | मुख्य सडकको नाम | लागत अनुमान | मूल्याङ्कन | भुक्तानी पाउने फर्म | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | २ | भिमकाली मो.मार्ग | २१४४०९।४१ | २०६४३६।४२ | गण्डकी कन्स्ट्रक्सन प्रा.लि. | |
| २. | ३ | लोकतान्त्रिक मो.मा. | ९३११४।०७ | ८८३३६।७० | विजेन्द्र कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | |
| ३. | ४ र ७ | माझकोट, भिमगोफा, देवतमन्ती, सिद्धगुफा | ३१९२५२।०५ | ३११८४४।७२ | जयरत्न कन्स्ट्रक्न एण्ड सप्लायर्स प्रा.लि. | |
| ४. | ५ | वान्टयाङ् खोला, | १४१८७०।६८ | १३५०६०।५८ | ध्रुव लक्ष्मी कन्स्ट्रक्सन कम्पनी | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | धारुङमार्ग | | | | |
| ५. | ६ | भिमकाली मो.मा. वागटार पहिरो तथा जिदीखोला | १५५३२।९७ | १५०३१।५१ | वि.आर.कन्स्ट्रक्सन कम्पनी प्रा.लि. | |
| ६. | ८ | भिमाद-भागर-सिम्ले, अरौदी, चैनपुर | ३६८६४।८८ | ३५३७८।५८ | वि.ए.सि.टी. कन्स्ट्रक्सन कम्पनी | |
| ७. | ९ | भिमभैरव | ३२००० | ३१५४६.३० | सि.सि.कन्स्ट्रक्सन प्रा.लि. | |

**निर्णय नं.१०**

यस वर्षको अविरल वर्षाको कारण यस नगरपालिका वडा नं.१ को जुकेपानी देउराली सडक खण्ड को विभिन्न स्थानमा सडक भासिन गई यातायात आवागमन पूर्ण रुपमा बन्द भएकोले उक्त सडक संचालनका लागि प्राविधिकबाट तयार भएको लागत अनुमान रु.१,२०,०००।– (अक्षेरुपी एक लाख विस हजार रुपैया) नगरपालिकाको विपद व्यवस्थापन कोषबाट विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.११**

मिति २०८१ साल भाद्र ४ गते परेको अविरल वर्षाको कारण यस नगरपालिका वडा नं.८ को भिमाद-भागर-सिम्ले सडकको केहि भाग सडक वगाउदा यातायात आवागमन पूर्ण रुपमा बन्द भएकोले उक्त सडक संचालनका लागि प्राविधिकबाट तयार भएको लागत अनुमान रु.३,३०,६१५।– (अक्षेरुपी तीन लाख तीस हजार छ सय पन्ध्र रुपैया) नगरपालिकाको विपद व्यवस्थापन कोषबाट विनियोजन गरी तत्काल निर्माण कार्य अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं १२**

भिमाद नगरपालिका र मातहतका कार्यालयहरुको कार्यालय प्रयोजनका लागि विभिन्न मितिमा घरभाडा सम्झौता गरी लिएको घरहरुको सम्झौता अवधि २ बर्ष भन्दा बढी भएका घरधनिहरुले नियमानुसार घरभाडा बृद्धि गरिपाउँ भनि निवेदन गरेकोले सम्झौता अवधि २ बर्ष भन्दा बढी भएका घरहरुको घरभाडा १० प्रतिशतले बृद्धि गरी पुन: सम्झौता गर्ने निर्णय गरियो ।

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | धारुङमार्ग | | | | |
| ५. | ६ | भिमकाली मो.मा. वागटार पहिरो तथा जिदीखोला | १५५३२।९७ | १५०३१।५१ | वि.आर.कन्स्ट्रक्सन कम्पनी प्रा.लि. | |
| ६. | ८ | भिमाद-भागर-सिम्ले, अरौदी, चैनपुर | ३६८६४।८८ | ३५३७८।५८ | वि.ए.सि.टी. कन्स्ट्रक्सन कम्पनी | |
| ७. | ९ | भिमभैरव | ३२००० | ३१५४६.३० | सि.सि.कन्स्ट्रक्सन प्रा.लि. | |

निर्णय नं.१०

यस वर्षको अविरल वर्षाको कारण यस नगरपालिका वडा नं.१ को जुकेपानी देउराली सडक खण्ड को विभिन्न स्थानमा सडक भासिन गई यातायात आवागमन पूर्ण रुपमा बन्द भएकोले उक्त सडक संचालनका लागि प्राविधिकबाट तयार भएको लागत अनुमान रु.१,२०,०००।- (अक्षेरुपी एक लाख विस हजार रुपैया) नगरपालिकाको विपद व्यवस्थापन कोषबाट विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं.११

मिति २०८१ साल भाद्र ४ गते परेको अविरल वर्षाको कारण यस नगरपालिका वडा नं.८ को भिमाद-भागर-सिम्ले सडकको केहि भाग सडक वगाउदा यातायात आवागमन पूर्ण रुपमा बन्द भएकोले उक्त सडक संचालनका लागि प्राविधिकबाट तयार भएको लागत अनुमान रु.३,३०,६१५।- (अक्षेरुपी तीन लाख तीस हजार छ सय पन्ध्र रुपैया) नगरपालिकाको विपद व्यवस्थापन कोषबाट विनियोजन गरी तत्काल निर्माण कार्य अगाडि बढाउने निर्णय गरियो ।

निर्णय नं १२

भिमाद नगरपालिका र मातहतका कार्यालयहरुको कार्यालय प्रयोजनका लागि विभिन्न मितिमा घरभाडा सम्झौता गरी लिएको घरहरुको सम्झौता अवधि २ बर्ष भन्दा बढी भएका घरधनिहरुले नियमानुसार घरभाडा बृद्धि गरिपाउँ भनि निवेदन गरेकोले सम्झौता अवधि २ बर्ष भन्दा बढी भएका घरहरुको घरभाडा १० प्रतिशतले बृद्धि गरी पुन: सम्झौता गर्ने निर्णय गरियो ।